


राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily

रु. १ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक,
स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५

❑ वर्ष २२ ❑ अङ्क २४७ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०७८ असोज २ गते शनिबार ❑ 18 Sept. 2021 ❑ पृष्ठ ४ ❑ मूल्य रू. २।-

## पोखराको बजेट खर्च ६६ प्रतिशत

पोखरापत्र संवाददाता
पोखरा, १ असोज

पोखरा महानगरपालिकाले गत आर्थिक वर्षमा ६६ प्रतिशत बजेट खर्च गरेको छ । कोरोना महामारीका कारण विकासका काम ठप्प हुँदा खर्च प्रभावित बनेको महानगरपालिकाले जनाएको छ।

महानगरद्वारा आयोजित वार्षिक समीक्षा कार्यक्रममा वित्त महाशाखा प्रमुख जयराम पौडेलद्वारा प्रस्तुत वार्षिक प्रतिवेदनअनुसार चालुतर्फ ८७ प्रतिशत र पूँजीगततर्फ ५०.५ प्रतिशत मात्र खर्च भएको हो । गत आर्थिक वर्षमा विनियोजित कूल रु पाँच अर्ब ५१ करोड ८२ लाख ५३ हजार बजेटमध्ये रु तीन अर्ब ६८ करोड ८१ लाख २५ हजार खर्च भएको बताउँदै प्रमुख पौडेलले बजेट खर्चको अनुपातमा सबैभन्दा धेरै (९१.३७ प्रतिशत) शिक्षा महाशाखाले खर्च गरेको जानकारी दिनुभयो । उक्त महाशाखाले कूल रु एक अर्ब ३४ करोड ८५ लाख बजेटमध्ये रु एक अर्ब २३ करोड २१ लाख ८३ हजार रकम खर्च गरेको थियो।

सबैभन्दा कम सामाजिक विकास महाशाखाले (४५.४४ प्रतिशत) खर्च गरेको छ । उक्त महाशाखामा रहेको कूल रु १० करोड २२ लाख ७१ हजार बजेटमध्ये रु चार करोड ६४ लाख ७१ हजार रकम मात्र खर्च भएको उहाँको भनाइ छ। प्रमुख पौडेलले भन्नुभयो, "पूर्वाधारतर्फको बजेट भने ४८.१ प्रतिशत खर्च भएको छ । कूल बजेट रु दुई अर्ब ६८ करोड ७७ लाख ६८ हजारमध्ये रु एक अर्ब २९ करोड २७ लाख ४५ हजार रकम खर्च भएको छ।

पोखरा महानगरको वित्तीय अवस्था सशक्त रहेको दाबी गर्दै उहाँले भन्नुभयो, "महानगरमा यो आर्थिक वर्षमा कुनै योजनालाई रकम नपुग्ला कि भन्नुपर्ने अवस्था छैन ।" राजस्व सङ्कलनमा भने महानगर केही कमजोर देखिएको उहाँको भनाइ छ । गत आर्थिक वर्षमा करिब रु २६ करोड अनुमान गरिएको सम्पत्ति कर जम्मा रु सात करोडमात्र उठेको बताउँदै उहाँले भन्नुभयो, "गत आवमा विज्ञापन र मनोरञ्जन कर शून्य हुनुका साथै ३५ करोड उठ्ने अनुमान गरिएको ढुङ्गा, गिट्टी, बालुवा कर रु २१ करोड ८० लाख सङ्कलन भएको थियो ।" महानगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत महेश बरालले निर्माण सामग्री एवं कामदार अभाव तथा कोरोना महामारीका कारण योजनाअनुरुपका काम गर्न नसकिएको जानकारी दिनुभयो।

वर्षायाम, चाडबाडलगायत कारण पनि काम कम हुने परिपाटी रहेको बताउँदै उहाँले योजना छनोट, सार्वजनिक खर्चसम्बन्धी व्यवस्था, क्षमताभन्दा बढी काम लिने निर्माण व्यवसायीका कारण पनि महानगरमा सोचेजस्तो काम हुन नसकेको स्पष्ट पार्नुभयो।

समीक्षा गोष्ठीमा महानगरका वरिष्ठ प्रशासकीय अधिकृत एवं सूचना अधिकारी भरतराज पौडेलले वार्षिकरूपमा गरिने समीक्षाले महानगरको प्रशासनिक अवस्थाबारे जानकारी गराउनुभएको थियो।

कोरोना महामारीको विषम अवस्थामा समेत महानगरवासीको सेवामा कुनै कसर बाँकी नराखी काम गरिएको उहाँको भनाइ थियो । पोखरा महानगरपालिका सहरी योजना आयोगका उपाध्यक्ष डा आरसी लामिछानेको अध्यक्षतामा भएको सो कार्यक्रममा सामाजिक विकास महाशाखा, स्वास्थ्य महाशाखा, शिक्षा महाशाखा, पूर्वाधार महाशाखा, कृषि तथा पशु विकास महाशाखाका प्रमुखले पनि वार्षिक गतिविधि प्रस्तुत गर्नुभएको थियो । कार्यक्रममा महानगरका ३३ वडाका अध्यक्ष, कार्यपालिका सदस्य एवं विभिन्न महाशाखाका प्रमुखको सहभागिता थियो।

## माधव नेपाल एमालेमै फर्किनुहुन्छ : योगेश भट्टराई

पोखरापत्र संवाददाता
पोखरा, १ असोज




नेकपा (एमाले)का सचिव योगेश भट्टराईले एमालेबाट विभाजित भएर नेकपा (एकीकृत समाजवादी) पार्टी खोल्नुभएका माधवकुमार नेपाल यही दलमै फर्किने जिकिर गर्नुभएको छ।

प्रेस चौतारी नेपाल कास्की शाखाले शुक्रबार पोखरामा आयोजना गरेको पत्रकार सम्मेलनमा उहाँले भन्नुभयो, "माधव नेपालकै रोहबरमा १० बुँदे सहमति गरेका थियौँ तर पार्टीभित्र पर्याप्त छलफल नगरी पार्टी विभाजन गर्नुभयो । यो राम्रो भएन । अरु कार्यकर्तालाई पनि नेपालको पछि नलाग्न आग्रह गर्दछु।" सचिव भट्टराईले पार्टीको कार्यकारी पदमा ७० वर्षको उमेर हद लागू गरिएपछि नयाँ पुस्ताले नेतृत्व गर्न पाउने विश्वाससमेत व्यक्त गर्नुभयो।

एमसीसीका विषयमा सरकारको आधिकारिक धारणा बाहिर ल्याउन जरुरी रहेको पनि सचिव भट्टराईले बताउनुयो । उहाँले गण्डकी प्रदेश सरकारले प्रस्ताव गरेको भनिएको आमसञ्चार विधेयकले स्वतन्त्र पत्रकारितामा अङ्कुश लगाउने भएकाले आफू यसको विपक्षमा उभिने स्पष्ट गर्नुभयो।

## एक साताभित्र सरकारले पूर्णता पाउँछ : अध्यक्ष नेपाल

पोखरापत्र संवाददाता
पोखरा, १ असोज

नेपाल कम्युनिष्ट पार्टी (एकीकृत समाजवादी)का अध्यक्ष माधवकुमार नेपालले एक साताभित्र सरकारले पूर्णता पाउने बताउनुभएको छ।

पार्टीको मीनभवनस्थित केन्द्रीय कार्यालयको आज उद्घाटन गर्दै पूर्वप्रधानमन्त्री नेपालले अमेरिकी सहयोग परियोजना मिलेनियम च्यालेन्ज कर्पोरेसन (एमसीसी)लाई सोधेका प्रश्नका जवाफका बारेमा छलफल भइरहेको बताउनुभयो। नेपालले पञ्चशीलको सिद्धान्त अवलम्बन

बाँकी अन्तिम पृष्ठमा ▶▶

## कोरोना महामारी नियन्त्रणमा स्वास्थ्य क्षेत्रको भूमिका महत्वपूर्ण : मन्त्री थापा

पोखरापत्र संवाददाता
पोखरा, १ असोज



गण्डकी प्रदेश सरकारका कानून, सञ्चार तथा प्रदेशसभा मामिला मन्त्री विन्दुकुमार थापाले विश्वव्यापीरुपमा फैलिएको कोरोना महामारी नियन्त्रणमा स्वास्थ्य क्षेत्रले महत्वपूर्ण भूमिका निर्वाह गरेको बताउनु भएको छ।

पोखरा महानरपालिका-१६ बाटुलेचौरमा सञ्चालित मातृशिशु मितेरी अस्पताल प्रयोगशाला अन्तर्गत सेवा विस्तारको आज उद्धाटन गर्दै उहाँले जनतालाई छिटोछरितो स्वास्थ्य सेवा प्रदान गर्न प्रदेश सरकार प्रतिवद्ध रहेको बताउनुभयो । अस्पतालले छोटो समयमा स्वास्थ्यको क्षेत्रमा पुऱ्याएको योगदान अतुलनीय रहेको उल्लेख गर्दै उहाँले भन्नुभयो, 'नविनतम प्रविधिको जडानसहित प्रयोगशालामार्फत जनतालाई अस्पतालले दिएको स्वास्थ्य सेवा महत्वपूर्ण छ।'

प्रदेशसभा सदस्य कृष्ण थापाले मातृशिशु मितेरी अस्पतालको निर्माणमा हालसम्म १८ करोड लगानी भएको जानकारी दिनुभयो । उहाँले अब अस्पतालमा १०० शयूया व्यवस्थापन गर्न लाग्नुपर्नेमा जोड दिँदै यस अस्पतालमा नर्सिङ कलेजको स्थापना गरे शिशु र आमाको उपचार सेवामा थप टेवा पुग्ने विश्वास व्यक्त गर्नुभयो।

अस्पतालको व्यवस्थापन समितिका अध्यक्ष उषा बरुवालले मातृशिशु मितेरी अस्पतालमा आमा र नवजात शिशुको उपचार गरिने जानकारी दिँदै हाल ५५ शयूयामार्फत निःशुल्करुपमा बिरामीको उपचार भइरहेको बताउनुभयो।

'२० शयूयाको कोभिड वार्डको व्यवस्थापन गरी निःशुल्क उपचार दिइरहेका छौँ', उहाँले भन्नुभयो, 'अब दन्त रोग सेवासमेतलाई विस्तार गरिने योजना रहेकोछ ।' कार्यक्रममा पोखरा १६ का वडाअध्यक्ष जीवन आचार्य, वरिष्ठ इन्जिनीयर महेन्द्र गोदार र शारदा मोहन काफ्लेलगायतले जनस्वास्थ्यका लागि अस्पतालको भूमिकाबारे चर्चा गर्नुभएको थियो।

## १,५५८ संक्रमित थपिए, १० को मृत्यु

रासस
काठमाडौं, १ असोज

विगत २४ घण्टामा एक हजार ५५८ जनामा कोरोना भाइरस संक्रमण पुष्टि छ । स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले सार्वजनिक गरेको तथ्याङ्कअनुसार १२ हजार ३८५ जनामा परीक्षण गरिएकामा सो संख्यामा संक्रमण पुष्टि भएको छ।

नेपालमा संक्रमण दर १९.२ प्रतिशत पुगेको छ । सक्रिय संक्रमित २५ हजार ४९७ जना छन् । पाँच सयभन्दा बढी संक्रमित भएका जिल्ला १० र २०० भन्दा बढी संक्रमित भएका जिल्ला २० पुगेका छ।

शुक्रबार एक हजार ३५१ जना संक्रमणमुक्त भएका छन् । हालसम्म सात लाख ४६ हजार ५६६ कोरोना संक्रमणमुक्त भएका छन् । नेपालमा संक्रमणमुक्त हुने दर ९५.३ प्रतिशत छ।

संक्रमणबाट शुक्रबार एकै दिन १० जनाको मृत्यु भएको छ । हालसम्म संक्रमणबाट ११ हजार १२ जनाको मृत्यु भएको छ । नेपालमा प्रतिदश लाखमा ३७१.२ जनाको संक्रमणबाट मृत्यु भएको छ। त्यस्तै ३८६ जना सघन उपचार कक्ष (आइसियु), ११७ भेन्टिलेटर, २३ हजार ९५० होम आइसोलेशन, एक हजार ५४७ संस्थागत आइसोलेशन र २३६ जना क्वारेन्टिनमा छन् ।

शुक्रबार ६० हजार १५९ जनाले कोरोना विरुद्धको खोप लगाएका छन् । हालसम्म ६० लाख ८३ हजार १२४ जनाले पहिलो मात्रा र ५४ लाख सात हजार ३८० ले पूर्णमात्रा खोप लगाइसकेका छन् ।



# 'हिमाल र हिमालीको जीवन्त उदाहरण पर्वतीय संग्रहालय'

**पोखरापत्र संवाददाता**
**पोखरा, १ असोज**

गण्डकी प्रदेश प्रमुख पृथ्वीमान गुरुङले अन्तर्राष्ट्रिय पर्वतीय सङ्ग्रहालय हिमाल र हिमालीको अवस्था एवं संस्कृतिको जीवन्त उदाहरण भएको बताउनुभएको छ।



नेपाल पर्वतारोहण सङ्घद्वारा पोखरा महानगरपालिका-१७ रातोपैह्रामा सञ्चालित पर्वतीय सङ्ग्रहालयको स्थलगत अवलोकन गर्दै उहाँले सङ्ग्रहालयलाई थप व्यवस्थित गर्नुपर्ने आवश्यकता औँल्याउनुभयो।

सङ्ग्रहालयमा प्रदर्शित विभिन्न जातजातिसहितको मानवकक्ष, पर्वतीय हिमशृङ्खला, हिमाल आरोहणका गतिविधि, भौगोलिक कक्षलगायतको रुचिपूर्वक अवलोकन गर्दै उहाँले मुलुकको गहनाका रूपमा रहेको सङ्ग्रहालयको उचित प्रचारप्रसार गर्दै विश्वका पर्यटकको आकर्षण गन्तव्यका रूपमा विकास गर्नुपर्नेमा जोड दिनुभयो। कोरोना कहरका कारण चार महिनादेखि बन्द भएको सो सङ्ग्रहालयमा भदौ २३ गतेदेखि सर्वसाधारणका लागि खुला गरिएसँगै दैनिक ७० जनाको हाराहारी आन्तरिक एवं बाह्य पर्यटकले टिकट काटेर अध्ययन अवलोकन गर्दै आएको कर्मचारी सरिता कँडेलले जानकारी गराउनुभएको थियो।

सङ्ग्रहालय प्रवेशका लागि विद्याथीलाई रु ५०, नेपालीका हकमा रु १००, सार्क राष्ट्रका नागरिकका लागि रु २५० र बाह्य पर्यटकका लागि रु ५०० टिकटको व्यवस्था गरिएको छ।

# कांग्रेस शीर्ष नेताबीच क्रियाशील सदस्यता विवाद शीघ्र टुङ्ग्याउने सहमति

**रासस**
**काठमाडौं, १ असोज**

नेपाली कांग्रेसका शीर्ष नेताबीच पार्टीको क्रियाशील सदस्यता विवाद शीघ्र समाधान गरी १४औँ महाधिवेशनअन्तर्गतका स्थानीय तहका अधिवेशन निर्धारित मितिमा सम्पन्न गर्ने सहमति जुटेको छ।

प्रधानमन्त्री एवं नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवाले शुक्रबार प्रधानमन्त्री निवास बालुवाटारमा पार्टीका शीर्ष नेतासँग समसामयिक राजनीतिलगायत पार्टीको महाधिवेशनका विविध विषयमा छलफल गर्नुभएको थियो । कांग्रेस वरिष्ठ नेता रामचन्द्र पौडेल, महामन्त्रीद्वय डा शशाङ्क कोइराला र पूर्णबहादुर खड्का, नेताहरु कृष्णप्रसाद सिटौला, डा मीनेन्द्र रिजाल, रमेश लेखकलगायत नेता सहभागी बैठकमा क्रियाशील सदस्यता विवाद समाधान गरी यही असोज ५ गते निर्धारित वडा अधिवेशन समयमै सम्पन्न गर्ने सहमति जुटेको पार्टी कार्यालयले जनाएको छ । कांग्रेसले यसअघि ६४ जिल्लाको क्रियाशील सदस्यताको काम सपन्न गरी सोको विवरण सार्वजनिक गरिसकेको छ भने ५७ जिल्लामा वडा अधिवेशनसमेत सम्पन्न गरिसकेको छ।

कांग्रेसको वडा अधिवेशन गत भदौ १८ गतेदेखि प्रारम्भ भएको हो। बाँकी २० जिल्लाको वडा अधिवेशन यही असोज ५ गते तोकिएको छ। करिब नौ लाखको संख्यामा रहेका कांग्रेस क्रियाशील सदस्य पार्टीको वडा अधिवेशनका मतदाता हुन्। क्रियाशील सदस्यले आफ्नो वडाको वडा समिति र क्षेत्रीय प्रतिनिधि चयन गर्छन्।

कांग्रेसले गाउँ/नगरपालिका अधिवेशन असोज ९ गते, प्रदेशसभा क्षेत्रीय अधिवेशन असोज १२ गते र प्रतिनिधिसभा क्षेत्रीय अधिवेशन/एक मात्र प्रतिनिधिसभा निर्वाचन क्षेत्र भएको जिल्ला अधिवेशन असोज १५ गते निर्धारण गरेको छ। त्यस्तै एकभन्दा बढी प्रतिनिधिसभा निर्वाचन क्षेत्र भएको जिल्ला अधिवेशन असोज १८ गते, प्रदेश अधिवेशन कात्तिक १० देखि १२ गतेसम्म र केन्द्रीय महाधिवेशन आगामी मङ्सिर ९ देखि १३ गतेसम्म तय गरिएको छ।

# हवाई खेलकुद गतिविधिको विकल्प खोज्न माग

**पोखरापत्र संवाददाता**
**पोखरा, १ असोज**

पर्यटकीय नगरी पोखरामा निर्माणाधीन अन्तर्राष्ट्रिय क्षेत्रीय विमानस्थल सञ्चालनमा आएसँगै प्रभावित हुनसक्ने हवाई खेलकुदका गतिविधिको विकल्प खोज्नुपर्नेमा जोड दिइएको छ।



नेपाल पर्यटन बोर्ड गण्डकी प्रदेश कार्यालयमा शुक्रबार आयोजित छलफल एवं अन्तरक्रियामा वक्ताहरुले हवाई खेलकुद गतिविधि पोखराको महत्वपूर्ण आकर्षणमध्येमापर्ने गरेको बताउनुभयो । पोखराको पर्यटनमा हवाई खेलकुदले विशिष्ट योगदान गरेको नेपाल पर्यटन बोर्ड गण्डकी प्रदेश कार्यालयका प्रमुख काशीराज भण्डारीले बताउनुभयो।

अल्ट्रालाइट, प्याराग्लाइडिङ लगायतमा स्वदेशी एवं विदेशी पर्यटकको आकर्षण बढेको बताउँदै उहाँले यी गतिविधि विस्थापन हुन नदिनका लागि यसको विकल्प खोज्नुपर्ने आवश्यकता औँल्याउनुभयो। पर्यटकीय गतिविधि नभएका स्थानलाई जोड्दै यसको सम्भाव्यता खोज्नुपर्नेमा जोड दिँदै प्रमुख भण्डारीले यस क्रमले तत् क्षेत्रको प्रवर्द्धनमा पनि योगदान पुग्ने विश्वास व्यक्त गर्नुभयो । एभिया क्लबका प्रवन्ध निर्देशक नातासा श्रेष्ठले अल्ट्रालाइट पर्यटनको महत्वपूर्ण पाटो भएको बताउँदै अन्य विमानस्थलमा पनि यस किसिमका गतिविधि सञ्चालन गर्न सकिने बताउनुभयो।

हवाई पर्यटनमा राम्रो सम्भावना भएको उल्लेख गर्दै उहाँले यसमा लगानी आकर्षित गर्नुपर्ने धारणा राख्नुभयो । अल्ट्रालाइट उडानमा विदेशीको मात्र भर नपरी स्वदेशमानै आवश्यक जनशक्ति तयार गर्नेतर्फ पनि सोच्नुपर्नेमा उहाँको जोड छ। सम्भावना रहेर पनि अट्रालाइट उडानका लागि नेपालको युवा पुस्ता आकर्षित हुन नसकेको उहाँले बताउनुभयो। मुलुकका सञ्चालनमा नआएका विमानस्थललाई पनि अल्ट्रालाइट उडानको विकल्पका रुपमा लिन सकिने उहाँको भनाइ छ।

सो क्लबका भिक्टोरिया भिटवाले पोखरा हवाई खेलकुदका गतिविधिको राजधानी भएको बताउनुभयो । आफूहरुले अल्ट्रालाइट उडानका लागि अध्यापन गराउँदै आएको बताउँदै नेपालका युवा यसतर्फ आकर्षित बनेमा अधिकतम फाइदा लिन सक्ने धारणा राख्नुभयो। नेपालमा आउने पर्यटकले भिसााको समस्याका साथै विमानस्थलमा सामान्य ट्रलीको समस्या भोग्ने गरेको बताउँदै पर्यटनमैत्री प्रशासन र व्यवहार आवश्यक हुनुपर्नेमा जोड दिनुभयो।

# ट्रक दुर्घटनामा चालकको मृत्यु

**पोखरापत्र संवाददाता**
**दमौली, १ असोज**

पृथ्वी राजमार्गअन्तर्गत तनहुँको व्यास नगरपालिका-१ मुसेखोलामा शुक्रबार बिहान ट्रक दुर्घटना हुँदा चालकको मृत्यु भएको छ।

डुम्रेबाट दमौलीतर्फ आउँदै गरेको ना ७ ख ९२३७ नंको ट्रक बुल्दीखोलामा खस्दा अन्दाजी २८ वर्षीय पुरुषको मृत्यु भएको हो । मृतकको नामथर नखुलेको जिल्ला प्रहरी कार्यालयका प्रहरी नायब उपरीक्षक युवराज तिमिल्सिनाले जानकारी दिनुभयो । दुर्घटनामा ट्रकमा सवार नवलपरासी कावासोतीका १४ वर्षीय राजकुमार विक घाइते भएका छन् । उनको दमौलीस्थित रत्नहरि अस्पतालमा उपचार भइरहेको छ । उनको खुट्टा र कुहिनोमा चोट लागेको छ। ट्रक सडकबाट १० मिटर तल बुल्दीखोलामा खसेको थियो । मृतकको शव दमौली अस्पतालमा राखिएको छ।




# एक साताभित्र...


गर्दै आएकाले असंलग्न परराष्ट्र नीतिअनुसार नै अघि बढ्ने उहाँको भनाइ थियो। "जग्गाको स्वामित्वमा नेपालको सार्वभौम अधिकार रहने र यसबाट उत्पन्न हुने बौद्धिक सम्पत्तीमा नेपालको अधिकारको सुनिश्चितता चाहन्छौँ", अध्य क्ष नेपालले भन्नुभयो।

उहाँले परियोजनामा नेपाली कर्मचारी र श्रमिक रहनुपर्नेमा जोड दिँदै कुनै सैन्य सङ्गठन तथा सुरक्षा छाताभित्र नरहने र नेपालले स्वतन्त्र निर्णय गर्न पाउनुपर्ने विचार व्यक्त गर्नुभयो । एकीकृत समाजवादीले दैनिक प्रशासनिक कार्य सञ्चालनका लागि काठमाडौँ महानगरपालिका-३१ स्थित उक्त कार्यालय आजदेखि प्रयोगमा ल्याएको हो। सचिवालय सदस्य जीवनराम श्रेष्ठले कार्यालय स्थापना भएपछि पार्टीको राजनीतिक गतिविधि र बैठक सञ्चालनका लागि महत्वपूर्ण दस्तावेजलगायत कागजात व्यवस्थित रूपमा अभिलेख गरिने बताउनुभयो।

# अदालत, निर्वाचन आयोगसंग सेटिङ आउट नभएसम्म संसद अबरुद्ध कायम रहन्छ : एमाले नेता अधिकारी

**पोखरापत्र संवाददाता**
**दमौली, १ असोज**

नेकपा एमालेका नेता एवम् पूर्व गृहमन्त्री खगराज अधिकारीले श्रीमान ५ को आदेशले गठन गरेको परमादेश सरकारले सेटिङमा काम गरेकाले संबैधानिक ब्यवस्था भत्किएको बताउनु भएको छ।



शुक्रबार एमाले नवलपुरले दलदलेमा गरेको बृहत् कार्यकर्ता भेलामा बोल्दै उहाँले सो कुरा बताउनु भएको हो । दल भन्दा बाहिर मत हाल्न पाउनु भनेको निर्दलीय अभ्यास भयो । त्यो अदालत, निर्वाचन आयोगको सेटिङले संबैधानिक दायरा नाग्दा एमालेले खबरदारी गर्नु परेको नेता अधिकारीले बताउनुभयो । अहिले तथाकथित गठबन्धनका कारण संसद अबरुद्ध भएको हो। यो सेटिङ नभत्काउदा सम्म संसद अबरुद्ध कायम रहन्छ उहाले भन्नूभयो' सभामुख हुन नसक्ने कुपात्र अग्नि सापकोटा सभामुख हुँदा संबैधानिक मर्यादा कायम हुन सकेनझ।

चैतमा महाधिवेशन गरौ प्रधानमन्त्री भएका सबैले नेतृत्व छोडौ भन्ने केपी ओलीको प्रस्ताव प्रचण्ड माधव नेपालले नमान्दा पार्टी र देशले वर्तमान समस्या झेल्न परेको छ नेता अधिकारी भन्नुभयो-'देशी विदेशी प्रतिकृयावादी नलागेको भए नेकपा टुक्रिने थिएन'।

प्रचण्ड माधव नेपाल संसद पुनर्स्थापना हुँदा केपी होईन म प्रधानमन्त्री भनेर पार्टीमा कुरा नराख्ने अनि चितवनमा लड्डु खाएर शेरबहादुर देउवा कहाँ पुग्नु भनेकै प्रतिकृयावादीको कित्तामा उभिनु हो । संसद पुनःस्थापना प्रतीक्रान्ति हो उहाँले थप्नुभयो।

सातौं संविधान दिवस
राष्ट्रिय दिवसका रूपमा
हर्षोल्लासका साथ मनाऔं,
घरघरमा राष्ट्रिय झण्डा
फहराई दीप प्रज्वलन गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

कपालको उपचार
कपाल झर्न तुरुन्त रोक्ने तथा उमार्ने
के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?
● कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
● चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
● कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन्।
● कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगाबै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ। यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला।



सम्पर्कः पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६

के तपाईमा यौनसम्बन्धी समस्या छ
पुरूषमा देखिने:
शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङग उत्तेजना नहुने, लिङ चिलाउने, सरूवा यौन रोग, स्वप्नदोष, लिङगको आकार सानो हुने आदि ।
महिलाहरूमा देखिने:
स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडवडी, यौन सन्तुष्टिमा कमी हुने आदि ।
सुन्दरता : अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु ।
मलद्वार सम्वन्धी रोग : छारसुत्रद्वार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्वारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्वार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरूको सफल उपचार गरिन्छ।
महिला वा पुरूषमा हुने (बाँझोपन) निःसन्तानपनको सफल उपचार
जाँच्ने समय: प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म
सम्पर्क स्थान :
माता मनकामना आर्युबेंद क्लिनीक प्रा.लि.
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१- ५८९१९४, ९८४४३११९०६, ९८४६०४११३१
नोट : नयाँ तथा पुराना बिरामीहरूले यथाशीघ्र सम्पर्क गर्नुहोला।

फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्ध निर्देशकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

# खुले पोखराका धार्मिक पर्यटकीयस्थल

-वासुदेव पौडेल
**पोखरा, १ असोज (रासस)**

देशका जुनसुकै स्थानबाट पोखरा घुम्न आउने भन्नासाथ अधिकांशको मानसपटलमा यहाँका विन्ध्यवासिनी, तालबाराहीजस्ता मठमन्दिर प्राथमिकतामा पर्ने गर्दछन् ।

माछापुच्छ्रे हिमाल डुबुल्की मार्ने फेवातालको बीचभागमा रहेको तालबाराहीका साथै माछापुच्छ्रे हिमालसहितका हिमशृङ्खला एकसाथ अवलोकन गर्न पाइने विन्ध्यवासिनी मन्दिर धार्मिक एवं पर्यटकीय दुवैरुपले पर्यटकको आकर्षण बनेका छन् । विश्वव्यापी फैलिएको कोरोना कहरका कारण दुई वर्षयता यहाँका धार्मिक पर्यटकीयस्थल पनि प्रत्यक्ष प्रभावित बनेका छन् । अघिल्लो वर्ष कोरोना महामारीकै कारण माघ फागुनतिर मात्रै खुलेका यहाँका धार्मिक पर्यटकीयस्थल यस वर्ष पुनः गत वैशाख ९ गतेदेखि बन्द भएका थिए । सरकारको यही असोज १ गतेदेखि स्वास्थ्य सुरक्षा मापदण्ड पालना गर्दै धार्मिक पर्यटकीयस्थल खुलाउने निर्णयसँगै आजदेखि पोखराका धार्मिक पर्यटकीयस्थल खुलेको विन्ध्यवासिनी धार्मिक क्षेत्र विकास समितिका सचिव तीर्थ श्रेष्ठले जानकारी दिनुभयो ।

मन्दिर खुला गरिए पनि स्वास्थ्य मापदण्डप्रति सचेत बनिएको जानकारी दिँदै उहाँले परिसरमा प्रवेश गरिसकेपछि भक्तजनका लागि हात धुन चार वटा धाराको व्यवस्था गरिएको बताउनुभयो । उहाँका अनुसार मन्दिरको मूल प्रवेशद्वारमा सेनिटाइजरको व्यवस्था गरिएको छ। मन्दिरमा भौतिक दूरी व्यवस्थापनका लागि पनि सचेत बनिएको बताउँदै उहाँले भक्तजनको उचित व्यवस्थापनका लागि सुरक्षाकर्मीको सङ्ख्या बढाउन सम्बन्धित निकायमा आग्रह गरिएको बताउनुभयो ।

उहाँका अनुसार भक्तजनलाई टीकाप्रसाद दिने व्यक्तिका लागि पनि अनिवार्य मास्कको प्रयोगका साथै हातमा पञ्जा प्रयोग गर्न लगाइएको छ । विगतमा पोखराका मन्दिरमा आउने भक्तजनले चढाउने भेटीघाटी तथा दान सहयोगबाट मन्दिरको दैनिक प्रशासनिक खर्च सञ्चालनमा सहयोग पुगेकामा कोरोना महामारीका कारण दर्शनार्थी नै नभएपछि सोक्रम प्रभावित भएको छ । मन्दिर परिसरमा रहेका चराचुरुङ्गीलाई भक्तजनको अभावमा आहारा नपुग्ने भएसँगै यस अवधिमा मन्दिर व्यवस्थापन समितिबाट नियमित आहारा व्यवस्था गरिएको थियो ।



पोखराको इतिहासको साक्षी जस्तै बनेको विन्ध्यवासिनी मन्दिर कसले र कहिले निर्माण गर्यो भन्ने यकीन तथ्य प्राप्त नभए पनि पूजा सञ्चालन गरिरहेका ब्राह्मणले प्राप्त गरेको सनद तथा लालमोहरबाट कम्तीमा पनि ३०० वर्षअघि मन्दिर वर्तमान स्वरूपमा निर्माण भइसकेको अनुमान गरिन्छ । कास्की जिल्लाको मध्यभागमा अवस्थित २७ रोपनी क्षेत्रफलमा फैलिएको यो मन्दिर वरपरको समथरिलो भूभागबाट केही उच्च थुम्कोमा अवस्थित छ । थुम्कोमा रहेका कारण दर्शनार्थीलाई केही सिँढी चढेर उक्लनुपर्ने अवस्थामा समितिले दुई वर्षयता अशक्त दर्शनार्थीलाई लक्षित गरी लिफ्टसमेत निर्माण गरेको छ। मन्दिरमा कोरोना महामारीअघि दैनिक तीन चार सयदेखि तीन चार हजार जनासम्म दर्शनार्थी आउने गरेकामा कोरोनाका कारण यसबीचको अवधिमा भक्तजनको आगमन ठप्प बनेको थियो ।

विशेषतः आश्विन शुक्ल पक्ष, चैत्र शुक्ल पक्ष, नयाँ वर्ष र महत्वपूर्ण तिथि एवं पर्वका बेला यहाँ दर्शनार्थीको भीड लाग्ने गरेको सचिव श्रेष्ठले जानकारी दिनुभयो । धार्मिक महत्वका साथै पोखराको दृश्यावलोकन एवं मन्दिर परिसरबाट विभिन्न ११ वटा हिमशिखर नाङ्गो आँखाले प्रत्यक्ष अवलोकन गर्न सकिन्छ। गुम्बज शैलीमा सेतो रङको अष्टभुजाकार रहेको विन्ध्यवासिनी मन्दिरको गजुरबाट तामाको श्रीबन्दी लत्रिएको छ । समितिले मन्दिरको वरपर प्रदक्षिणा पथ निर्माण गरेको छ। मन्दिरको चारैतर्फ विसं १८९६ यताका विभिन्न तिथिमितिमा राखिएका घण्ट छन् । पित्तलको द्वार अघि राखिएका पित्तलबाटै निर्मित दुई सिंहका आकृतिका साथै वरपरका गणेश, हनुमान, सरस्वती, राधाकृष्ण, शिव, नवग्रह तथा अष्टचिरञ्जीवीका मन्दिर, अष्टभुजाकार कुण्ड आदिले यहाँको गरिमा र महत्व बढाएका छन् । फेवातालका बीचमा रहेको तालबारही मन्दिर पनि आजदेखि खुला गरिएको तालबारही मन्दिर गुठी व्यवस्थापन समितिका अध्यक्ष हिक्मतबहादुर कुँवरले जानकारी दिनुभयो । सरकारको निर्देशनअनुसार वैशाख ९ गते यता मन्दिर बन्द गरिएको बताउँदै उहाँले यसबीचमा भक्तजनको आगमन नभएका अवस्थामा चरा र माछालाई समितिले नियमित आहाराको व्यवस्थापन गरेको जानकारी दिनुभयो । मन्दिर सञ्चालनमा नआउँदा यहाँका डुङ्गा व्यवसायी पनि प्रत्यक्ष मारमा परेका छन् । तालका बीचमा रहेको सानो टापुमाथि प्यागोडा शैलीको कलात्मक यस मन्दिरलाई प्राचीनकालदेखि तालबाराही मन्दिरका रूपमा पुजिँदै आइएको छ । तालको बीचमा रहेका कारण तालबाराही हुन गएको सहजै अनुमान गर्न सकिने यो मन्दिर कसले र कहिले निर्माण गरेका हुन् भन्ने यकीन तथ्य भने अझै अनुसन्धानकै पर्खाइमा छ ।

यो मन्दिरको अस्तित्व विसं १६६७ देखि कायम रहिआएको छ । कतैकतै विसं १४४७ देखि अस्तित्वमा रहेको भन्ने पनि अभिलेख पाइएको छ । कास्कीका राजाकूल मण्डन शाहले मन्दिरमा खरको झुप्रो हालेर पहिलोपटक मन्दिर स्थापना गरेका थिए। प्राचीनकालमा माटोको ढिस्कोमा एउटा शिला थियो त्यहीँ मन्दिर स्थापना गरी बाराहीका रूपमा पूजाआजा गर्न थालिएको किंवदन्ती छ । किंवदन्तीअनुसार तालका बीचमा टापु बनेको र त्यहीँ मन्दिर स्थापना गरिएको इतिहास निकै रोचक छ । बाराही देवीको शक्तिले तालका बीचमा टापु बनेको विश्वास छ । तालबाराही देवी सन्यासीको भेषमा रातको समय मन्दिर रहेको वरपरको गाउँ पुग्दा अरू कसैले बास दिएनछन् । एउटी बुढी आमाले बास दिएर रातमा आफूसँग भएको ढुटाको रोटी खान दिनुभएछ । श्रुतिअनुसार भोलिपल्ट बिहान बुढीआमालाई देवीले अब यहाँ जलमग्न हुन्छ त्यहाँ गएर बस्नु भनेकामा ठूलो बाढी भएर जलमग्न भयो र बीच भागमा ढिस्को मात्रै रह्यो । विसं २०१७ मा राजा महेन्द्रले अहिलेको स्वरूपमा मन्दिर निर्माण गरिदिएपछि यसले थप चर्चा पाउन थालेको हो । वर्षात्का समय पनि सकिएको र नेपालीमा महत्वपूर्ण चाडबाड नजिकिँदै गरेका कारण आगामी दिनमा दर्शनार्थीको चाप बढ्ने विश्वास लिइएको छ । कोरोनाको कहरलाई दृष्टिगत गर्दै स्वास्थ्य मापदण्डलगायत विषयलाई भने समितिले प्राथमिकतामा राखेको छ । कोरोनाका कारण बन्द रहेको पोखराको अर्को धार्मिक पर्यटकीय तीर्थस्थल भद्रकाली मन्दिर आजदेखि दर्शनार्थीका लागि खुला गरिएको श्रीगणेश तथा भद्रकाली मन्दिर सेवा समितिका कार्यालय सचिव सूर्यप्रसाद अधिकारीले जानकारी दिनुभयो ।

भद्रकाली मन्दिर आजभन्दा झण्डै २०० वर्ष पुरानो हो । मनोकाङ्क्षा पूरा गर्ने देवीका रूपमा प्राचीनकालदेखि पोखरा र यस आसपासका क्षेत्रमा अत्यन्त आस्था र विश्वास बोकेको मन्दिर स्थापनाको इतिहास खोतल्दा विसं १९०१ मा रामचन्द्र खत्रीले गणेश मन्दिरको स्थापना गरेको र विसं १९०३ मा गुठीको लालमोहर प्राप्त गरी मन्दिरको नित्य पूजाआजा गर्ने गरिएको पाइन्छ ।

मन्दिर परिसरमा राखिएको अभिलेखमा स्व बुद्धिमान ढेवाजु तथा कालिदास ढेवाजुले भद्रकाली माताको प्रतिमा काठमाडौँबाट ल्याई मन्दिरको निर्माण गरी नित्य पूजाआजा सञ्चालन गराएको उल्लेख छ। वरपर जङ्गलले घेरिएको ढिस्को र माथि मन्दिर रहेका कारण दर्शन र वरपरको दृश्यावलोकन गर्न पनि पर्यटक भद्रकाली मन्दिर आउने गर्दछन् । वरपर जङ्गलले घेरिएको ढिस्को भएका कारण मन्दिरमा पुग्न फेदीबाट दुई बाटो रहेकामा पूर्वी भागबाट २९२ सिँढी उक्लनुपर्छ भने दक्षिण भागबाट २६५ सिँढी उक्लनुपर्छ ।

प्रत्येक वर्षको आश्विन शुक्लपक्ष र चैत शुक्लपक्षका साथै बाला चतुर्दशीमा मन्दिर परिसरमा विशेष मेला लाग्ने गरेको छ । पोखरा र आसपासका धार्मिक पर्यटकीयस्थलले यहाँको पर्यटनमा विशिष्ट योगदान पुर्‍याएको पोखरा पर्यटन परिषद्का अध्यक्ष गोपिबहादुर भट्टराईले बताउनुभयो ।

"दशैं तिहार जस्ता चाड नजिकिँदै गएका अवस्थामा यहाँका धार्मिक पर्यटकीयस्थल सञ्चालनमा आउँदा आन्तरिक पर्यटनमा महत्वपूर्ण टेवा पुग्ने देखिन्छ", उहाँले भन्नुभयो, "पर्यटकीयस्थल खुले पनि हामी स्वास्थ्य मापदण्डलाई पालना गर्दै अघि बढ्नुको विकल्प छैन, कोरोनासँग भागेर नभै अब जुधेर पर्यटकीय गतिविधिलाई अघि बढाउनु अपरिहार्य छ ।"

# नेपाललाई रातो सूचीबाट हटाउन बेलायत सरकारसँग माग

रासस
**काठमाडौं, १ असोज**

कोभिड-१९ महामारीका कारण नेपाललाई रातो सूचीबाट हटाउन गैरआवासीय नेपाली सङ्घ युकेले बेलायत सरकारलाई एक पत्र पठाएर माग गरेको छ ।

अध्यक्ष प्रेमगाहा मगरले पठाएको पत्रमा नेपाल र बेलायतबीचको भ्रमणमा देखिएका अव्यवहारिक मापदण्ड हटाउन अनुरोध गरिएको छ ।

बेलायती यातायातमन्त्री ग्रान्स साप्सलाई सम्बोधन गरी लेखिएको उक्त पत्रमा भारतलाई रातो सूचीबाट हटाइएको तर कोरोनाको दर क्रमशः घटेको नेपाललाई अझै पनि राखिएकाले यो अव्यवहारिक रहेको उल्लेख गरिएको छ ।

बेलायतमा करिब डेढ लाख नेपाली रहेका र गोर्खाका परिवार तथा अन्य यात्रा गरिरहनेहरूका लागि मापदण्डले झमेला भएको र नेपालबाट बेलायत आउनेले महङ्गो खर्चमा होटलमा क्वारेन्टिन बस्नुपर्ने व्यवस्थाले थप असहज भएको भनिएको छ ।

अधिकांशले कोभिडविरूद्धको खोप लगाइसकेका र त्यस आधारमा पनि नेपालीलाई यातायातमा सहज गराउन अनुरोध गरिएको छ । अन्य युरोपेली मुलुकले नेपाललाई रातो सूचीबाट हटाइसकेको र अब केवल बेलायतमात्र रहेको हुँदा आफ्नो मागलाई यथोचितरूपमा बुझेर कदम चाल्न बेलायत सरकारलाई भनिएको छ ।बिहीबार नै सङ्घले लण्डनस्थित नेपाली दूतावासमार्फत नेपाल सरकारलाई पनि पत्र पठाएर दुई देशबीचको यात्रा सहज गर्न पहलकदमी थाल्न अनुरोध गरेको छ ।

# असोज दोस्रो साता अग्रिम टिकट खुलाइने

रासस
**काठमाडौं, १ असोज**

सरकारले दशैं, तिहार, छठलगायत चाडपर्वमा घर जान चाहने नागरिकलाई लक्ष गरी यही १०/११ गतेदेखि अग्रिम टिकट खुलाउने भएको छ । यही असोज २१ गते घटस्थापनाभन्दा १०/११ दिन पहिल्यै टिकट खुलाउने गरी छलफल भइरहेको छ । यातायात व्यवस्था विभागले प्रत्येक वर्ष यातायात व्यवसायीसँग समन्वय गरी अग्रिम टिकट खुलाउने गर्दै आएको छ ।

अग्रिम टिकट खुलाउनका लागि पटकपटक छलफल भइरहेकाले आउँदो सातासम्म निर्णय भइसक्ने विभागका प्रवक्ता डा लोकनाथ भुसालले बताउनुभयो । उहाँका अनुसार गत साता यातायात व्यवसायीसँग दुईतीन चरणमा छलफल भएका आधारमा आउँदो सातासम्म कति सङ्ख्यामा टिकट खुलाएर कसरी यात्रुलाई सुरक्षितरूपमा गन्तव्यसम्म पुर्‍याउने भनी निर्णय हुनेछ । प्रवक्ता भुसालले भन्नुभयो, "समयमै टिकट काटेर यात्रु घर जान सक्नेछन् ।" सङ्घीय सरकारले पछिल्लो पटक गत असार २७ गते भाडादर समायोजन गरेको थियो । त्यसै आधारमा सबै प्रदेश सरकारले र स्थानीय तहले भाडा समायोजन गर्नुपर्नेमा अझै गरिसकेका छैनन् । व्यवसायीले भाडादर समायोजन चाँडो गर्न माग गर्दै आएका छन् । भाडा समयोजनको विषयले अग्रिम टिकट खुलाउन र यात्रुलाई समयमै घर पुग्न समस्या नहुने प्रवक्ता डा भुसालले बताउनुभयो । उहाँका अनुसार लामो दूरीका बाटामा सङ्घीय सरकारले निर्धारण गरेको नयाँ भाडादरका आधारमा हुने तथा मध्यम दूरीमा तत्काल समायोजन भएमा नयाँ भाडादर र नभएमा पुरानै भाडादरमा टिकट काटिनेछ । उहाँले भन्नुभयो, "प्रदेशका भाडाका विषयमा विभाग बोल्न मिल्दैन तर समयमै टिकट खुलाउन समस्या हुने छैन ।" कोभिड सङ्क्रमणको जोखिम अझै रहेकाले त्यसको असर चाडपर्व लक्षित टिकटमा पर्ने देखिएको छ । जे जसरी भए पनि यात्रुलाई सजिलै घर जान पाउने व्यवस्था मिलाइने नेपाल यातायात व्यवसायी राष्ट्रिय महासङ्घका महासचिव सरोज सिटौलाले बताउनुभयो । उहाँले भन्नुभयो, "गत आवमा अग्रिम टिकट नखुलाएर पनि फर्कन चाहनेलाई व्यवस्था मिलाइएको थियो । यस वर्ष पनि सबैलाई घरघरमा पुर्‍याइनेछ ।"

कोभिडका कारण दैनिक एक हजार ५०० नयाँ सङ्क्रमित देखिइरहेकाले पनि समस्या हुन सक्ने भएकाले कुनै पनि ठाउँमा जिल्ला प्रशासन कार्यालयले निषेधाज्ञा लागू गर्न सक्ने महासचिव सिटौलाले बताउनुभयो । "कोभिडकै कारणले कति यात्रु घर फर्कन्छन् भन्ने पनि अनुमान गर्न सकिएको छैन", उहाँले भन्नुभयो, "महासङ्घले बैठक बसेर मोटामोटी अन्दाज गरेर त्यसैका आधारमा टिकट खुलाउनेछ ।" हरेक वर्ष चाडपर्व पहिले नै भाडा समायोजनका विषयमा चर्चा हुने गरेकामा यस वर्ष पनि कतिपय प्रदेश र स्थानीय सरकारले भाडा समायोजन नभएकाले चाँडो गर्न सम्बन्ध सरकारलाई महासङ्घले माग गर्दै आएको छ । लामो दूरीमा नयाँ भाडादर लागू भए पनि मध्यम दूरीमा के गर्ने भन्ने प्रश्न उब्जिएको जनाउँदै महासचिव सिटौलाले भन्नुभयो, "यहाँबाट एक नम्बर वा सात नम्बर प्रदेश जाने बसको भाडादर स्पष्ट छ तर वाग्मती प्रदेशकै सिन्धुपाल्चोक वा दोलखा जाने भाडादर कति गर्ने भन्ने अन्योल छ ।" सामान्यावस्थामा दशैंतिहारभन्दा अघिको केही सातामा झण्डै २५ लाख यात्रु ओहोरदोहोर गर्ने भए पनि सङ्क्रमणका कारण त्यो सङ्ख्या यति हुन्छ भन्ने यकिन छैन । विद्यालय र कलेज नखुलेकाले कतिपय विद्यार्थी र अभिभावक गाउँमै रहेको, कतिपय व्यवसाय लामो समयसम्म ठप्प रहेकाले पनि दशैंमा सार्वजनिक सवारी साधनमार्फत हुने आवतजावत कम हुने आकलन गरिएको छ । कोभिडकै कारण गत वर्ष अग्रिम टिकट नखुलाइए पनि यात्रुलाई गन्तव्यमा पुग्न कुनै समस्या नभएको महासचिव सिटौलाले बताउनुभयो । अहिले पनि काम नभएका वा छिट्टै फर्कन मिल्ने व्यक्ति घर फर्कँदै गर्दा दशैंको मुखमा हुने भीड कम हुनेछ । संविधानानुसार एउटै स्थानीय तहभित्र चल्ने सवारी साधन व्यवस्थापनको जिम्मेवारी स्थानीय तह, एकभन्दा बढी स्थानीय तह र एउटै प्रदेशभित्र चल्नेको प्रदेश सरकार र एकभन्दा बढी प्रदेशमा चल्ने सवारी साधन व्यवस्थापनको जिम्मेवारी सङ्घीय सरकारले गर्ने उल्लेख छ । सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ मा २५ किमीसम्म छोटो दूरी, २५ देखि २५० किमीसम्म मध्यम र २५० किमीभन्दा बढीलाई लामो दूरीका रूपमा उल्लेख छ । विगतमा सबै दूरीमा यातायात व्यवस्था विभागले नै भाडादर निर्धारण गर्दै आएको थियो । अहिले त्यो जिम्मेवारी तीनै तहमा बाँडिएको छ ।

# मनाङका केही स्थानमा यातायात सञ्चालन

रासस
**मनाङ, १ असोज**

माथिल्लो मनाङ, चामे र नासों गाउँपालिकाको खोत्रोसम्म यातायातका साधन सञ्चालनमा आएका छन् । गत असार १ मा मर्स्याङ्दी नदी र खोलानालामा आएको बाढीपहिराले ती क्षेत्रको यातायात अवरुद्ध भएको थियो ।

सोही बाढीपहिराले बैंसीसहर-चामे सडक खण्ड पूर्ण रूपमा अवरुद्ध भएको थियो । सो सडक खण्डको केही भागमा मर्मत तथा सम्भार पछि सवारी सञ्चालनमा आएको डुम्रे-बैंसीसहर-चामे सडक योजना कार्यालय लमजुङका प्रमुख अच्युत विलास पन्तले जानकारी दिनुभयो । उहाँका अनुसार लमजुङको बैंसीसहरदेखि मनाङको नासोंको खोत्रोसम्म , चामे र माथिल्लो मनाङ डिस्याङमा पनि सवारी सञ्चालन भएको छ । उहाँले सदरमुकाम चामेसम्म दशैं अगावै यातायात सञ्चालन गरिने लक्ष्य रहेको बताउनुभयो । "सडक मर्मत तथा सम्भारको भइरहेको छ । वर्षा भइरहेकाले समस्या छ ।" उहाँले भन्नुभयो, "वर्षा भइरहेको छ। एक ठाउँमा बनायो । अर्को स्थानमा भत्किने समस्याले अलि गाह्रो भएको छ ।" सो सडक खण्डको एक सय सात किलोमिटरमध्ये लमजुङको बैंसीसहरदेखि नासों गाउँपालिका-१ खोत्रोसम्मको ३५ किलोमिटर सडक निर्माण भइसकेको छ ।त्यस्तै चामे गाउँपालिकामा स्थानीयसहितका सहयोगमा पालिकाम पूरै सवारी सञ्चालन भएको उहाँले बताउनुभयो ।

आयोजना प्रमुख पन्तका अनुसार सो सडक खण्डअन्तर्गतको खोत्रोदेखि तिमाङसम्म करिब १५ किलोमिटर सडक निर्माण हुन बाँकी छ । उक्त सडकअन्तर्गत माथिल्लो र तल्लो मनाङलाई जोड्ने तलेखु-भ्राताङ भिरमा चट्टान काटेर सडक निर्माणको काम भइरहेको जनाइएको छ ।


## तपाईको आज

| | | | |
|---|---|---|---|
| मेष | : आर्थिक समस्या | तुला | : मानसिक तनाब |
| वृष | : सम्मान मिल्नेछ | वृश्चिक | : कार्यमा सफलता |
| मिथुन | : सत्कार मिल्नेछ | धनु | : अप्रत्यसित लाभ |
| ककर्ट | : शारीरिक झमेला | मकर | : ब्यापारमा लाभ |
| सिंह | : झमेला बड्ने | कुम्भ | : शत्रुको भय |
| कन्या | : मन चञ्चल | मीन | : सहयोग मिल्नेछ |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**
पोखरा-१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६
चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस् ।


# मनकामना मन्दिर परिसरमा हेल्थडेक्स

पोखरापत्र संवाददाता
**गोरखा, १ असोज**

प्रसिद्ध धार्मिकस्थल मनकामना मन्दिर परिसरमा हेल्थडेक्स सञ्चालनमा ल्याइएको छ ।

करिब ४ महिनाको निषेधाज्ञापछि सर्वसाधारणका लागि मन्दिर खुल्ला गरिएसँगै कोरोना संक्रमणको जोखिमलाई ख्याल गरेर मन्दिर परिसरमा हेल्थडेक्स सञ्चालनमा ल्याइएको गाउँपालिका स्वास्थ्य शाखाका प्रमुख बिरेन्द्र श्रेष्ठले जानकारी दिनुभयो ।

हेल्थडेक्सबाट नियमित रूपमा मन्दिरका पुजारी, सुरक्षाकर्मी तथा मन्दिर परिसरमा नियमित काम गर्ने अन्य कर्मचारीको दैनिक रूपमा स्वास्थ्य परीक्षण गरिँदै आएको उहाँले बताउनुभयो । 'टाढाटाढाबाट आउने भक्तजनसँग पुजारी सुरक्षाकर्मी र कर्मचारीहरू नियमित सर्म्पकमा रहने हुँदा कोरोनाको जोखिम बढी हुन्छ', प्रमुख श्रेष्ठले भन्नुभयो, 'उहाँहरूको नियमित स्वास्थ्य परीक्षण गर्दै आएका छौं ।'

त्यस्तै मन्दिर आउने भक्तजनको स्वास्थ्यमा समस्या देखिएमा समेत तत्काल स्वास्थ्य परीक्षण गर्ने व्यवस्था हेल्थडेक्सबाट गरिएको उहाँले जानकारी दिनुभयो । 'बाहिर जिल्लाबाट समेत भक्तजन मन्दिरमा पुजाा गर्न आउन सुरु भएको छ', उहाँले भन्नुभयो, 'कोरोना सङ्क्रमणको जोखिम अझै पनि उच्च रहेकाले मन्दिरमा आउने भक्तजनले स्वास्थ्य मापदण्ड पालना गरे नगरेको अनुगमन गर्ने, मास्क नलगाई आउने भक्तजनलाई मास्कउपलब्ध गराइँदै आएको छ ।' 'दैनिक रूपमा हेल्थडेक्समा एक जना स्वास्थ्यकर्मी नियमित रहने व्यवस्था गाउँपालिकाले मिलाएको छ', उहाँले भन्नुभयो, 'हेल्थडेक्सबाट ज्वरो नाप्ने, रुघाखोकीको समस्या भएमा तत्काल अन्य भक्तजनबाट छुट्टै राखेर उपचारका गर्छौं ।' गत वैशाख २३ गतेदेखि बन्द गरिएको मनकामना मन्दिर यही भदौ २३ गतेदेखि सर्वसाधारणका लागि खुला गरिएको थियो । मन्दिरमा पुजारी र भक्तजनको स्वास्थ्य सुरक्षालाई ध्यानमा राखेर तत्कालका लागि मन्दिर बाहिरको झ्यालबाट पुजा सामग्री पुजारीलाई दिएर पुजा गर्ने व्यवस्था मन्दिर व्यवस्थापन समितिले मिलाएको छ ।

मन्दिरमा भाकल बुझाउन आउने भक्तजनका लागि बली दिने स्थानमा समेत छुट्टै पुजारीको व्यवस्था मिलाइको मन्दिरका मुलपुजारी इन्सान थापाले जानकारी दिनुभयो ।

# सहकारीमार्फत दूध बेचेरै किसानले कमाए पाँच करोड

- खेमराज गौतम
**पोखरा, १ असोज (रासस)**

सहकारीमार्फत दूधको बजारीकरण गरी बागलुङका दुई पालिकाका किसानले एक वर्षमा रु पाँच करोड रकम भित्र्याएका छन् ।

बागलुङ नगरपलिका र काठेखोला गाउँपालिकाका १४ दुग्ध सहकारीमा आवद्ध किसानले आर्थिक वर्ष २०७७/७८ मा दूध बिक्री गरेर रु पाँच करोड १२ लाख २७ हजार आम्दानी गर्न सफल भएका छन् । सहकारीमार्फत सङ्कलन, प्रशोधन र बजारीकरण गर्दा यहाँका किसान दीर्घकालीनरूपमा नै आम्दानी गर्न सफल भएका हुन् । दूध उत्पादन गर्न सके बजारीकरणको जिम्मा सहकारीले लिने भएकाले आफूजस्ता किसानलाई सहज भएको काठेखोला-६ स्थित नमूना दुग्ध उत्पादक सहकारी संस्थाका उपाध्यक्ष तथा अगुवा कृषक बालानन्द कँडेलले बताउनुभयो ।

चौधवटा सहकारीमा किसानले ल्याएको दूधलाई पुनः एकमुष्ट सङ्कलन, प्रशोधन तथा बजारीकरणको काम गर्दै आएको बागलुङ बजारस्थित बागलुङ दुग्ध उत्पादक सहकारी सङ्घले एक आवमा मात्रै किसानबाट रु पाँच करोड बढीको दूध खरिद गरेर बिक्री वितरण गरेको सहकारीका अध्यक्ष दीपक गौतमले बताउनुभयो ।

"किसानले दूध उत्पादन गर्ने तर बजारको सुनिश्चितता नहुने मुख्य समस्या थियो, दूधलाई तापक्रम मिलाएर राख्नुपर्ने तथा दूध बिग्रेर खेर जाने समस्याका कारण किसानले दूध उत्पादनका लागि ठूलो लगानी गर्न नसकेको अवस्था थियो", अध्यक्ष गौतमले भन्नुभयो, "किसान बिचौलियाको मारमा समेत पर्नाले धरासायी बन्ने अवस्थाको अन्त्य गर्न सहकारीमार्फत दूध सङ्कलन गरी सहकारीले नै घरघरमा पुऱ्याउने काम गर्दै आएको छ, अहिले सहकारीले किसानबाट सङ्कलन गरेको दुई हजार ५०० लिटर दूध दैनिक बिक्री भइरहेको छ, हामीले थोरै मुनाफा राखेर अरु रकम किसानलाई दिँदा किसानलाई दुग्ध व्यवसायप्रति उत्साह आएको छ।"

दूधलाई एकत्रित गर्ने ताजा दूध बिक्री गर्ने, बिक्री गरेर बचेको दूधको दुग्धजन्य पदार्थ जस्तै घ्यू, नौनी, छुर्पी, लस्सी, पनिरलगायतका काम गर्दै आएको अध्यक्ष गौतमले बताउनुभयो । उहाँका अनुसार सहकारीले आव २०७७/७८ मा मात्रै किसानलाई रु पाँच करोड बढी दूध खरिदवापतको रकम भुक्तानी दिएको र सहकारी सङ्घसमेत रु ६० लाख खुद बचत गर्न सफल भएको छ । काठमाडौँ निर्यात हुन्छ बागलुङको छुर्पी

बागलुङ दुग्ध उत्पादक सहकारी सङ्घमा झण्डै एक हजार ५०० किसानले धेरथोर दूध बजारीकरणका लागि पठाउँछन् । सङ्घले दूधसहित नौ प्रकारका दुग्धजन्य परिकार बिक्री तथा वितरणसमेत गर्दै आएको छ । त्यसमध्ये काठमाडौँ निर्यात हुने उत्पादन छुर्पी रहेको दुग्ध सहकारीका प्रबन्धक बैकुण्ठप्रसाद शर्मा‍ले जानकारी दिनुभयो । आव २०७७/७८ मा मात्रै रु २९ लाख ५५ हजारको दूधबाट बनेको परिकार छुर्पी बिक्री गरेको र अधिकांश छुर्पी काठमाडौँ निर्यात हुने उहाँको भनाइ छ।

सहकारीले गत आवमा रु ४८ लाख ६६ हजारको दही, रु २० लाख ४४ हजारको घ्यू, रु २९ लाख १२ हजारको पनिर, रु एक लाख ८६ हजारको नौनी, रु एक लाख ९९ हजारको खुवा र रु आठ हजार ५६८ को लस्सी बिक्री गरेको छ । आफ्ना उत्पादनलाई बढाउँदै लैजाने र यस वर्ष रु ५० लाखको छुर्पी निर्यात गरी बागलुङलाई गुणस्तरीय छुर्पी उत्पादन हुने जिल्लाका रूपमा परिचय दिने सहकारी सङ्घको योजना रहेको अध्यक्ष गौतमले बताउनुभयो । अहिले छुर्पीलाई सहकारी सङ्घले प्रतिकिलो रु एक हजार २०० मा बिक्री गर्दै आएको छ । सहकारीमा आवद्ध किसानले सहकारीमा आवद्ध भएर दूधको बजारीकरण गर्दा दूधको मूल्यमा समानता र बजारको सुनिश्चिता भएको बताएका छन् ।

सहकारी सङ्घमा १५ कर्मचारीले सङ्कलन भएको दूध बागलुङ बजारका घरघरमै लगेर बिक्री गरेर सेवा प्रदान गर्दै आएका छन् । सहकारीको उपयुक्त मोडलका रूपमा दूध सहकारी विकास भएको र बागलुङ दुग्ध उत्पादक सहकारी सङ्घ देशकै नमूना दुग्ध उत्पादक सहकारी सङ्घका रूपमा स्थापित रहेको राष्ट्रिय सहकारी बैंकका सञ्चालक तथा सहकारी अभियानकर्मी रामबहादुर जिसीले जानकारी दिनुभयो ।

कृषक सदस्यले उत्पादन गर्ने, सहकारी संस्थाले सङ्कलन गर्ने र सहकारी सङ्घले दुध तथा प्रशोधन गरी दुग्धजन्य पदार्थ बिक्री वितरण गरेर सहकारीको असल अभ्यास गरेको जिसीको भनाइ छ । "दैनिक एक हजार ५०० कृषकले आयआर्जन गर्ने अवस्था दुग्ध सहकारी सङ्घले गरेको छ, यसलाई थप व्यवस्थित गराउन सरोकारवालाले ध्यान दिनुपर्छ", जिसीले भन्नुभयो ।

# विप्लव नेतृत्वको नेकपाको केन्द्रीय कमिटी बैठक बन्दीपुरमा

**पोखरापत्र संवाददाता**
**दमौली, १ असोज**

नेत्रविक्रम चन्द'विप्लव' नेतृत्वको नेपाल कम्युनिष्ट पार्टीको केन्द्रीय कमिटी बैठक आजदेखि तनहुँको पर्यटकीय नगरी बन्दीपुरमा शुरु भएको छ । नेकपाको ११औँ केन्द्रीय कमिटी बैठक बन्दीपुर गाउँपालिकास्थित एक होटलमा हुन लागेको हो ।

बैठकमा सहभागी हुन सो पार्टीका महासचिव विप्लव बिहीबार बन्दीपुर आइपुग्नुभएको थियो । बैठक यही असोज ५ गतेसम्म सञ्चालन हुने नेकपाका जिल्ला सचिव एटमले जानकारी दिनुभयो ।

बैठकका लागि रिसोर्टको हल र सुत्नका लागि कोठा प्रयोग गरिए पनि बैठकमा सहभागी सदस्यका लागि खाना आफैँले मेस चलाउने उहाँले बताउनुभयो । बैठक हल होटल सञ्चालकले निःशुल्क उपलब्ध गराएको बताइएको छ ।

बैठकमा केन्द्रीय समितिका ७६ सदस्य सहभागी हुनेछन् । सो होटलमा केन्द्रीय सदस्यसहित नेताको सुरक्षाका लागि पार्टीका पूर्वजनमुक्ति सेनाका सदस्य र युवा गरी १५० जना बसेका छन् । बैठककक्षमा पत्रकारलाई प्रवेश नदिइने र बैठक अवधिभर कुनै पनि केन्द्रीय सदस्यले पत्रकारसँग कुरा गर्न नपाइने व्यवस्था गरिएको एटमले जानकारी दिनुभयो ।

बैठक सकिएपछि बन्दीपुरमा पार्टीकातर्फबाट नै पत्रकार सम्मेलन गरिने भएको छ । विप्लव नेतृत्वको नेपाल कम्युनिष्ट पार्टीले प्रतिबन्ध फुकुवापछि खुला राजनीतिमा आएर पहिलोपटक केन्द्रीय समिति बैठक गर्न लागेको हो ।

# बागलुङका विद्यालय: कतै खुले, कतै तयारी

**रामबहादुर थापा**
**बागलुङ, १ असोज (रासस)**

ताराखोला गाउँपालिकाका विद्यालय दुई साताअघि नै खुलेकामा यहाँका अन्य स्थानीय तहका विद्यालयले पनि भौतिक उपस्थितिमै पठनपाठन सुरु गरेका छन् । केही ठाउँका विद्यालय खुल्ने तयारीमा छन् ।

यसअघि कोभिड-१९ जिल्ला सङ्कट व्यवस्थापन केन्द्रको बैठकले सरकारले तोकेको 'स्मार्ट लकडाउन'को प्रावधान अपनाएर केन्द्रसँगको समन्वयमा स्थानीय तहले विद्यालय खोल्न सक्ने निर्णय गरेको थियो । जैमिनी नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत खेमप्रसाद आचार्यले गत सोमबारदेखि विद्यालय सञ्चालनमा आएको बताउनुभयो । नगरप्रमुख तथा कोभिड-१९ प्रतिकार्य समूहका अध्यक्ष इन्द्रराज पौडेलको अध्यक्षतामा बसेको बैठकले समेत भौतिकरूपमा विद्यालय खोल्ने निर्णय गरेको थियो ।

जनस्वास्थ्यका मापदण्ड पूर्णरूपमा पालना गरी विद्यालय खोलिएको प्रमुख प्रशासकीय अधिकृत आचार्यको भनाइ छ । दैनिक बढीमा पाँच घण्टा मात्र कक्षा चलाउने, एउटा कक्षामा २५ र बेञ्चमा २ जना मात्र विद्यार्थी राख्ने मापदण्ड तोकिएको छ । विद्यालय परिसरमा साबुनपानीले हातधुने व्यवस्था, मास्क र स्यानिटाइजरको उपलब्ध गराउने, पढाइ सुरु हुनुपूर्व दैनिक १५ मिनेट विद्यार्थीलाई कोभिड-१९ महामारीका बारेमा सचेतना र रोकथामका उपायबारे जानकारी गराउने निर्णय नगरपालिकाले गरेको छ ।

कोरोना महामारीको जोखिम बढेपछि चालु शैक्षिक सत्रको सुरुदेखि नै प्रत्यक्ष शिक्षण सिकाइ क्रियाकलाप रोकिएको थियो । कतिपय विद्यालयले वैकल्पिक माध्यमबाट सिकाइलाई निरन्तरा दिएपनि सबैतिर त्यो सम्भव हुन सकेको थिएन । विद्यालय तहका सबै बालबालिकासम्म इन्टर नेटको पहुँच छैन । ताराखोलाका विद्यालयले कक्षागतरूपमा बार छुट्टाएर बालबालिकालाई पढाउन थालेका छन् । बालबालिकाको पढाइ बिग्रने र शैक्षिक सत्र नै प्रभावित हुने देखिएपछि त्यहाँका विद्यालय सबैभन्दा पहिले खुलेका थिए । कक्षाकोठाभित्र भौतिक दूरी कायम गर्ने, अनिवार्य मास्क लगाउने कुरामा विद्यार्थीलाई कडाइ गरिएको ताराखोला-४ स्थित नेपाल माध्यमिक विद्यालयका प्रधानाध्यापक उमानाथ अधिकारीलेबताउनुभयो।सदरमुकाम रहेको बागलुङ नगरपालिकाका विद्यालय पनि आउँदो सोमबारदेखि खुल्ने भएका छन् । सामुदायिक र संस्थागत विद्यालयका प्रतिनिधिसँगको छलफलपछि दैनिक चार घण्टा मात्र विद्यालय सञ्चालन गर्ने निर्णय भएको शिक्षा शाखा प्रमुख धनप्रसाद पोखरेलले जानकारी दिनुभयो ।

उहाँका अनुसार विद्यालयमा प्रार्थना र खाजाको समय भने कटाइएको छ । एउटा कक्षामा २० जना र बेञ्चमा दुई जना मात्र विद्यार्थी राखेर पढाउनुपर्ने शिक्षा शाखा प्रमुख पोखरेलले बताउनुभयो । विद्यार्थी सङ्ख्या बढी भएका विद्यालयले भने आलोपालो गरी पठनपाठन सुरु गर्ने भएका छन् । तमानखोला गाउँपालिकाका विद्यालयमा एउटा कक्षामा ५० विद्यार्थी राखेर पठनपाठन गराइएको शिक्षा शाखा प्रमुख पूर्णबहादुर घर्तीले बताउनुभयो । "पचासभन्दा बढी विद्यार्थी भएमा आलापालो गरेर पढाउने प्रबन्ध मिलाएका छौँ", उहाँले भन्नुभयो ।

गलकोट नगरपालिका, काठेखोला गाउँपालिकालगायत अन्य स्थानीय तहमा पनि विद्यालय सञ्चालनमा आएका छन् । कोरोना महामारीको जोखिम न्यून भएसँगै विद्यालय खोल्ने निर्णयमा स्थानीय तह पुगेका हुन् । यद्यपि, स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले हतारमा विद्यालय खोल्ने निर्णय नगर्न सुझाएको थियो ।

कोरोनाको पहिलो लहर थामिएपछि केही समय खुलेका विद्यालय पुनः दोस्रो लहर भित्रिएसँगै गत वैशाखदेखि बन्द थिए । केही सातायता यहाँ कोरोना सङ्क्रमितको सङ्ख्या घट्दो क्रममा छ । जिल्ला स्वास्थ्य कार्यालयका अनुसार जिल्लामा हाल कोरोनाका सक्रिय सङ्क्रमित ७९ जना छन् । तीमध्ये सबैभन्दा धेरै बागलुङ नगरपालिकामा ३९ जना रहेका छन् । यहाँका पाँच स्थानीय तह सङ्क्रमणमुक्त बनिसकेका छन् ।

# बजेट अभावमा रोकिँदै १३ सडक योजना

**पोखरापत्र संवाददाता**
**बागलुङ, १ असोज**

सरकारले पूरक बजेट ल्याउँदा बागलुङका १३ सडक आयोजना प्रभावित हुने भएका छन् । केही वर्षअघिदेखि स्तरोन्नतिको चरणमा रहेका सडक बजेट अभावका कारण प्रभावित हुने भएका हुन् । बागलुङको मालढुङ्गादेखि पाग्जा, लहरेबर, अमलाचौर हुँदै कुश्मीशेरा जोड्ने सडक स्तरोन्नतिको चरणमा छ।

आर्थिक वर्ष २०७६ मा बागलुङ नगरपालिका-१३, पैञ्युँपाटामा झण्डै एक किलोमिटर स्तरोन्नति गरेर कालोपत्र भएको सडक अघिल्लो आवमा अमलाचौरमा झण्डै आधा किलोमिटर कालोपत्र भएको थियो । सङ्घीय सरकारको रु दुई करोड र थप बजेट रु ४० लाखमा काम सुरु गरिएको उक्त सडकको केही काम अझै बाँकी छ । चालु वर्षका लागि विनियोजित बजेट संशोधन भएपछि यो सडकले पूर्णता नपाउने बागलुङ-१२ का वडाध्यक्ष गुरुदत्त पाठकले बताउनुभयो ।

काठेखोला गाउँपालिकाको अक्षेतेबाट मुल्ठाना हुँदै सिम सडक स्तरोन्नतिको चरणमा थियो । अघिल्ला दुई वर्षमा सडक फराकिलो बनाउने काम भएको थियो । केही असजिलो ठाउँमा ग्याबियन लगाउने काम गत आवमा भएको थियो । बहुवर्षे योजनाका रूपमा काम भइरहेको यो सडकमा विनियोजित बजेट संशोधन हुँदा गाउँपालिकाको मुख्य सडककै काम रोकिने अध्यक्ष अमर थापा बताउनुहुन्छ । बागलुङ नगरपालिकाको गलुवा हुँदै भकुण्डेबाट डोठेताल पुग्ने सडकको समेत काम अलपत्र पर्नेछ । गत आवमा रु एक करोड ४० लाख बजेट रहेको सडकको स्तरोन्नतिको काम भइरहेको छ । चालु आवका लागि भने बजेट शून्य रहेको सडक डिभिजन कार्यालयका निमित्त प्रमुख मुकुन्द लामिछानेले बताउनुभयो । सदरमुकाम बागलुङ बजारबाट बरेङ गाउँपालिका पुग्ने छोटो सडकका रूपमा सिगाना, चापाखर्क हुँदै बरेङ जोड्ने सडकको स्तरोन्नतिको काम सुरु भएको तीन वर्ष भएको थियो । सडक फराकिलो बनाउने, नाली बनाउने र असजिलो ठाउँमा ढलान गर्ने स्टिमेट रहेको सडकको काम पनि बजेट अभावले प्रभावित हुनेछ । वैकल्पिक मार्गका रूपमा विकास भइरहेको सडकको काम रोकिँदा सर्वसाधारण मर्कामा पर्नेछन् । "गत वर्ष बाँकी रहेको बजेटबाट सबै सडकमा काम हुन्छ, तर बजेट अभावमा नयाँ स्टिमेट भर काम नहुने भयो", लामिछानेले भन्नुभयो, "जिल्लाभरका १३ सडकको स्तरोन्नति भइरहेको थियो, नयाँ सडकको पनि कुनै योजना चल्ने छैनन् ।" सडक सुधार विस्तारका योजना सबै संशोधन हुँदा जिल्लाभर १३ सडक प्रभावित हुनेछन् । वर्षायाममा बिग्रिएका सडक मर्मतका लागि समेत डिभिजनसँग स्रोतको अभाव छ । गत असार १ गतेको बाढी र वर्षाका कारण पहिराले कामै नलाग्ने बनाएको बागलुङ-कुश्मीशेरा सडकको मर्मतका लागि बजेटको अभाव रहेको लामिछानेले बताउनुभयो ।

# महसुल नतिर्नेको विद्युत् काटौती अभियान

**रासस**
**पर्वत, १ असोज**

नेपाल विद्युत् प्राधिकरण, पर्वत वितरण केन्द्रले विद्युतीय मिटर रिडिङ गरेको ६० दिनसम्म पनि महसुल चुक्ता नगरेका उपभोक्ताहरूको विद्युत् नै कटौती गरिदिने अभियान थालेको छ ।

विद्युतीय महसुलको मोटो रकम उठ्न बाँकी रहेकाले ६० दिनभित्रमा महसुल नतिरेमा विद्युत् नै काटिने र तिरेपछि मात्रै विद्युत् जडान गर्ने तीव्रताका साथ काम भइरहेको पर्वत वितरण केन्द्रका निमित्त कार्यालय प्रमुख प्रकाश काफ्लेले जानकारी दिनुभयो ।

अभियान सुरु गर्नासाथ सदरमुकाम कुश्माबजार क्षेत्रको केही ठाउँमा मात्रै २३ जनाको विद्युत् कटौती गरिएको र तीमध्येका २० जनाले कार्यालयमा आएर बक्यौता भुक्तानी गरेका छन् । विद्युत् काटिएकाबाट रु दुई लाख ६ हजार ८० असुल भएको पनि निमित्त कार्यालय प्रमुख काफ्लेको भनाइ छ । अहिलेसम्म विद्युत् काटिएकाहरूमा घरमा जोडिएका व्यक्तिगत लाइन, फार्म र उद्योग रहेका छन् ।

विद्युत् काटिएकामा सरकारी कार्यालय नपरेको जनाउँदै उहाँले क्षेत्रअनुसार जाँच गर्दै जाँदा क्रमशः सरकारी कार्यालयको समेत बक्यौता देखिन सक्ने र त्यस्तो पाइएमा सरकारी कार्यालय वा अन्य संस्थाको समेत विद्युत् सेवा अवरुद्ध हुनसक्ने बताउनुभयो । सदरमुकाम कुश्माबाट सुरु गरिएको यो अभियानलाई कडाइका साथ जिल्लाकै सबै स्थानीय तहमा समेत कार्यान्वयन गर्न लागिएको छ । महसुल समयमा नै तिरेमा उपभोक्ताका लागि छुट सुविधा हुँदासमेत उपभोक्ताले समयमा महसुल नतिरेर विद्युत् नै काटिने अवस्थामा पुग्नु नराम्रो भएको निमित्त कार्यालय प्रमुख काफ्लेले बताउनुभयो ।

# म्याग्दीका हिमालमा आरोही आउन थाले

**रासस**
**म्याग्दी, १ असोज**

यहाँस्थित हिमाल आरोहणका लागि पर्यटक आउन थालेका छन् । संसारको सातौँ (८,१६७ मिटर) अग्लो धवलागिरि हिमाल आरोहणका लागि पर्यटक आउन थालेका हुन् । यो हिमाल धवलागिरि गाउँपालिका-४ मा पर्छ ।

विदेशी र स्वदेशी आरोही, शेर्पा, पथप्रदर्शक, भरिया र सहयोगी आधार शिविर पुग्न थालेपछि चहलपहल सुरु भएको छ । शरद्कालीन याममा हिमाल चढ्ने अनुमति लिएका आरोही हेलिकोप्टर र पैदलयात्रा गरेर आधार शिविरमा पुग्न थालेका छन् । सेभेन समिट र पाइनर ट्रेकमार्फत आएका आरोही बाबियाचौरबाट हेलिकोप्टर चढेर आधार शिविर गएका स्थानीयस्तरमा आरोहण टोलीको व्यवस्थापनमा खटिनुभएका इन्द्रसिंह शेरचनले बताउनुभयो । आरोही सडक र पदमार्ग अवरुद्ध भएकाले हेलिकोप्टर चढेर गएका हुन् । "बीस जनाको टोली हेलिकोप्टरबाट र २० पैदल हिँडेर आधार शिविर पुगेका छन्", शेरचनले भन्नुभयो, "हिमालयन र डोल्मा ट्रेकमार्फत अनुमति लिएका पर्वतारोहीकाठमाडौँबाटआउनेतयारीमा छन् ।"जापान, चीन, स्पेनलगायत देशका पर्वतारोही धवलागिरि आरोहणका लागि आएका सेभेन समिट ट्रेकबाट आएकी माया शेर्पाले बताउनुभयो । उहाँसहित पूर्णिमा श्रेष्ठलगायत नेपाली पर्वतारोहीको टोली पनि धवलागिरि आरोहणमा आएको छ । "धवलागिरिमा नेपाली महिलाले अहिलेसम्म आरोहण गरेका छैनन्", उहाँले भन्नुभयो, "यो याममा हामी नेपाली महिला पर्वतारोही धवलागिरि चढ्ने तयारीमा छौँ ।" सो टोलीले गत वैशाखमा म्याग्दीमै रहेको अन्नपूर्ण प्रथम हिमाल पहिलोपटक चढ्ने नेपाली महिलाको कीर्तिमान बनाएको थियो ।

त्रियासी वर्षमा प्रवेश गरेका स्पेनका कार्लोस सोरिया पनि धवलागिरि आरोहणका लागि आउनुभएको छ । उहाँले गत यामसहित ११औँ पटकसम्म धवलागिरि हिमाल आरोणको प्रयास गर्नुभएको थियो । पर्यटन विभागले भदौ १५ गतेदेखि हिमाल आरोहणका लागि अनुमति दिन सुरु गरेको थियो । चालीस जनाले धवलागिरि हिमालको आरोहणका लागि अनुमति लिएर रु ४२ लाख १० हजार सरकारलाई सलामी दस्तुर तिरेका विभागले जनाएको छ । शरद्याममा सगरमाथाबाहेक आठ हजार मिटर अग्ला हिमाल आरोहण गर्न चाहने विदेशीले सलामी दस्तुर प्रतिआरोही ९०० डलर तिर्नुपर्छ । अन्य साना हिमालका लागि न्यूनतम १२५ देखि अधिकतम ४०० सम्म सलामी दस्तुर तिर्नुपर्छ ।

